## मानव अधिकारको सन्दर्भमा

# जातीय भेदभाव र छुवाछुत



Government of Nepal

UNDP
Empowered lives.
Resilient nations.

FORMIN.FINLAND.FI
EMBASSY OF FINLAND
KATHMANDU

EMBASSY OF DENMARK, NEPAL

NORWEGIAN EMBASSY

**मानव अधिकारको सन्दर्भमा जातीय भेदभाव र छुवाछुत**

प्रकाशकः कानूनी शासन तथा मानवअधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम/युएनडीपी
(Strengthening the Rule of Law and Human Rights Protection System in Nepal Programme (RoLHR)/UNDP)

वितरणः निःशुल्क

प्रकाशन प्रतिः ५०००

संस्करणः प्रथम (२०७३ आषाढ)
दोश्रो (२०७३ मंसिर)
तेस्रो (२०७४ आषाढ)

यस पुस्तिकामा लेखिएको कुरा आम नागरिक तथा सम्बन्धीत सरोकारवालाहरूको सामान्य जानकारीका लागि सरल भाषामा लेखिएको छ। यसमा लेखिएका कुराको आधिकारिक जानकारीका लागि सम्बन्धीत ऐन नियम नै हेर्नु हुन अनुरोध छ।

# विषय सूची


मानव अधिकार भनेको के हो? ........................................................ १

मानव अधिकारको मुलभूत सिद्धान्त कुन कुन हुन्? ........................................ १

मानव अधिकारको सम्बन्धमा राज्यको दायित्व के कस्तो हुन्छ ?................................ २

नेपालको संविधानले के कस्ता मानव अधिकारलाई मौलिक अधिकारको रुपमा समेटेको छ ? .. ३

जातीय भेदभाव र छुवाछुत भनेको के हो ? ................................................ ४

नेपालको संविधानमा छुवाछुत तथा भेदभाव विरूद्ध कस्तो व्यवस्था गरिएको छ? ............... ४

जातीय भेदभाव तथा छुवाछुतलाई दण्डनीय बनाउने के कस्तो कानून छ ?........................५

नेपालको कानूनमा कस्तो कस्तो भेदभावलाई निषेध गरिएको छ ? ................................६

यदि जातीय विभेद वा छुवाछुतबाट पीडित भए कसले सहयोग गर्छ ? ...........................७

आयोगमा उजुरी गर्दा के गर्नु पर्छ ?...........................................................८

उजुरी पछि कसरी प्रक्रिया अगाडि बढ्छ ? ....................................................९

## मानव अधिकार भनेको के हो?



- मानव अधिकार भनेको मानव भएर मर्यादित रुपमा बाँच्न आवश्यक पर्ने सबै प्रकारको अधिकार हो।
- जीवनको निम्ति नभई नहुने गाँस, बास, कपास, विकासको निम्ति नभई नहुने शिक्षा, स्वास्थ्य र रोजगार, संरक्षणका निम्ति नभई नहुने शान्तिसुरक्षा र समानता वास्तवमा सबै आधारभूत मानव अधिकारहरू नै हुन्।
- यसबाहेक न्याय, स्वतन्त्रता र सहभागितासँग गाँसिएका सङ्गठन, सूचना, न्यायको अधिकार, धर्म र आस्थाको अधिकार लगायतका विषयबस्तुहरू पनि मानव अधिकार र लोकतन्त्रका भरपर्दा आधारहरू हुन्।
- मानव अधिकार नागरिकका अभिन्न अधिकारहरू हुन् भने यसको सम्मान, संरक्षण र पालना गर्नु कुनै पनि लोकतान्त्रिक र लोककल्याणकारी राज्यको परम् कर्तव्य हो। मानव अधिकारको प्राप्ती र प्रयोजनमा सबै नागरिकहरूको समान हक र पहुँच हुनुपर्दछ। राज्यले मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनको निम्ति संविधान, कानुन र संयन्त्रहरू निर्माण गरी हरसम्भव प्रयत्न गर्नुपर्दछ।

## मानव अधिकारको मुलभूत सिद्धान्त कुन कुन हुन्?




क) विश्वव्यापकता वा सर्वव्यापी: विश्वका सबै मानिसका लागि मानव अधिकार समान हुन्छ।

ख) समानता वा अविभेद: कुनै पनि आधारमा कसैलाई पनि भेदभाव हुँदैन।

ग) अहरणीय: मानव अधिकार कसैले पनि हरण गर्न पाउँदैन।

घ) अविभाज्यता: मानव अधिकारको कार्यान्वयन को सन्दर्भमा यसको विभाजन गर्न सकिदैन।




मानव अधिकारको सम्मान गर्नु, यसको संरक्षण गर्नु र मानव अधिकारको परिपूर्ति गर्नु राज्यको दायित्व हो ।

### सम्मान गर्ने दायित्व

राज्यले कसैको मानव अधिकारको उल्लङ्घन हुन नपाउने अवस्था सिर्जना गरेर वा मानव अधिकारको उपभोगमा बाधा नपुऱ्याएर मानव अधिकारप्रति सम्मान देखाउन सक्दछ ।

### संरक्षण गर्ने दायित्व

- राज्यले नागरिकहरूका लागि मानव अधिकारको निर्वाध उपभोगको सुनिश्चितता गरेको हुनुपर्दछ । कुनै व्यक्ति, संस्था, प्रतिष्ठान वा अन्य गैरराज्य पक्ष जस्ता तेस्रो पक्षहरूद्वारा हुने मानव अधिकारको दुरूपयोग वा त्यसको दुरुत्साहन हुन नदिने, यदि त्यस्तो भएको पाइएमा त्यसको अनुसन्धान गर्ने, त्यस्तो कार्यमा संलग्नलाई सजाय दिने तथा त्यसबाट भएको हानीका लागि पीडितलाई न्याय तथा क्षतिपूर्ति प्रदान गर्ने कुराको राज्यले सुनिश्चितता गर्नुपर्दछ ।
- राज्यले नागरिकको मानव अधिकार कुनै तेस्रो पक्षबाट उल्लङ्घन नहुने गरी संरक्षण को व्यवस्था मिलाउनुपर्दछ। त्यसैगरी राज्यले जोखिममा रहेका विशेष वर्ग खासगरी महिला, बालबालिका, दृष्टिविहीन, अपाङ्ग, बृद्धबृद्धा, आदिवासी जनजाति आदिको अधिकार संरक्षित हुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

### मानव अधिकारका प्रवर्द्धन गर्ने दायित्व

- मानव अधिकार उपभोगको पहुँचलाई सहज बनाउने र कुनै कारणवस कुनै व्यक्ति वा समूहले मानव अधिकारको उपभोग गर्न नसक्ने अवस्था सिर्जना भएमा राज्य आफैंले ती अधिकारको प्रवाहका लागि आवश्यक सेवाहरू प्रदान गर्नुपर्दछ ।

## नेपालको संविधानले के कस्ता मानव अधिकारलाई मौलिक अधिकारको रुपमा समेटेको छ ?



**नेपालको संविधानले मानव अधिकारका सिद्धान्त र अवधारणा भित्र पर्ने निम्न हकहरुलाई समेटेको छ। जस्तै:**

- सम्मान पूर्वक बाँच्न पाउने हक
- स्वतन्त्रताको हक
- आम सञ्चारको हक
- न्याय सम्बन्धी हक
- यातना विरूद्धको हक
- निवारक नजरबन्द विरूद्धको हक
- छुवाछुत तथा भेदभाव विरूद्धको हक
- सम्पत्तिको हक
- धार्मिक स्वतन्त्रताको हक
- सूचनाको हक
- गोपनीयताको हक
- शोषण विरूद्धको हक
- स्वच्छ वातावरणको हक
- शिक्षा सम्बन्धी हक
- भाषा तथा संस्कृतिको हक
- रोजगारीको हक
- समानताको हक
- स्वास्थ्य सम्बन्धी हक
- खाद्य सम्बन्धी हक
- आवासको हक
- महिलाको हक
- बालबालिकाको हक
- दलितको हक
- जेष्ठ नागरिकको हक
- सामाजिक सुरक्षाको हक
- उपभोक्ताको हक
- देश निकाला विरूद्धको हक

नेपालको संविधानमा नागरिकको अधिकार साथै कर्तव्यको पनि व्यवस्था गरिएको छ। नागरिकले पालना गर्नुपर्ने कर्तव्यहरू:

(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु।

(ख) संविधान र कानुनको पालना गर्नु।


(ग) राष्ट्रले चाहेको बखत अनिवार्य सेवा दिनु।



**मौलिक हक भनेको के हो ?**

संविधानद्वारा मौलिक हकको रूपमा प्रत्याभूत गरिएका अधिकारहरूलाई मौलिक हक भनिन्छ। नेपालको संविधानको भाग ३ मा व्यक्ति, नागरिक तथा समुदायलाई प्रत्याभूत ३२ वटा धारामा उल्लिखित हकहरू नै मौलिक हक हुन्।

# जातीय भेदभाव र छुवाछुत भनेको के हो ?








**नेपालको संविधानमा**

१. कुनै पनि व्यक्तिलाई जात, जाति, उत्पत्ति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन।

२. कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा कुनै खास जात वा जाति भनेर रोक लगाइने छैन। त्यस्तै कुनै खास जात वा जाति भनेर मात्र कुनै वस्तु विक्री वितरण वा सेवा प्रदान पनि गरिने छैन।

३. कुनै जात/जाति भनेर उँच नीच दर्शाउन पाइने छैन। सामाजिक भेदभावलाई न्यायोचित हो भनी ठान्न पाइने छैन। जातीय उच्चता वा घृणामा आधारित भएर छुवाछुत तथा त्यस सम्बन्धी विचारको प्रसार गर्न पाइने छैन।

४. जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन।

५. छुवाछुत तथा भेदभावजन्य कार्यलाई गम्भीर सामाजिक अपराधको रूपमा लिइएको छ। यो दण्डनीय अपराध मानिने छ। त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक पनि हुनेछ।

# जातीय भेदभाव तथा छुवाछुतलाई दण्डनीय बनाउने के कस्तो कानून छ ?

जातीय भेदभाव तथा छुवाछुतलाई कसूरजन्य कार्य मानी सो गर्ने व्यक्तिलाई सजाय गर्न २०६८ साल जेठ १८ गतेदेखि जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ लागू भएको छ। उक्त ऐन अनसुार, कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाको आधारमा देहायको कार्य गरे गराएमा, सो कार्य गर्न कुनै प्रकारको मद्दत गरेमा, दुरूत्साहन गरेमा, उक्साएमा वा त्यस्तो कार्यको उद्योग गरेमा जातीय भेदभाव तथा छुवाछुतको कसूर मानेको छ :-

- सार्वजनिक वा निजी स्थानमा प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने वा व्यक्तिगत वा सामुहिक रूपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक वहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने,
- सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गर्ने,
- सार्वजनिक समारोह आयोजना गर्न वा सार्वजनिक रूपमा आयोजना हुने कुनै कार्य गर्नबाट वञ्चित गर्न,
- जातीय छुवाछुत वा भेदभाव गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरूत्साहन हुने कुनै कार्य गर्ने वा त्यस्तो कुनै क्रियाकलापमा जानीजानी सहभागी हुने,
- कुनै पनि पेशा वा व्यावसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेशा वा व्यवसाय गर्न बाध्य पार्ने,
- कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्ने वा गराउने,
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्नबाट रोक्ने वा रोक लगाउने,
- कसैले कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्ने गरी उत्पादन, बिक्री वा वितरण गर्ने वा गराउने,
- परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन वाध्य तुल्याउने कार्य गर्ने वा गराउने, उमेर पुगेका वर-वधुबाट मञ्जुर भएको अन्तरजातीय विवाह गर्नबाट रोक लगाउने, त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारान नगराउने वा भइरहेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्ने वा गर्न लगाउने, कुनै पनि व्यक्तिलाई कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्ने वा गराउने।



## नेपालको कानूनमा कस्तो कस्तो भेदभावलाई निषेध गरिएको छ ?





- कसैले पनि कसैलाई जातको आधारमा भेदभाव गर्न पाइदैन ।
- त्यस्तै धर्मको आधारमा भेदभाव गर्न पाइदैन ।
- वर्णको आधारमा भेदभाव गर्न पाइदैन ।
- वर्गको आधारमा भेदभाव गर्न पाइदैन ।
- कामको आधारमा भेदभाव गर्न पाइदैन ।

यदि कसैले माथिको भेदभावपूर्ण व्यवहार गरेमा वा बहिष्कार गरेमा वा निषेध गरेमा नेपालको कानूनअनुसार अपराध मानी कानूनी सजाय हुन्छ। उक्त सजायमा जरिवाना वा कैद वा दुवै हुन्छ।



## यदि जातीय विभेद वा छुवाछुतबाट पीडित भए कसले सहयोग गर्छ ?



जातीय विभेद वा छुवाछुतबाट पीडितले वा थाहा पाउने व्यक्तिले अधिकारको संरक्षण गर्न र पिडकलाई सजाय गर्न निम्न निकाय वा संघ संस्थामा उजुरी दिनुपर्छ :

- स्थानीय प्रहरी चौकी वा नजिकको प्रहरी कार्यालयमा उजुरी दिनुपर्छ। यदि स्थानीय प्रहरी चौकी वा प्रहरी कार्यालयले उजुरी लिन नमानेमा वा आवश्यक कारवाही नगरेमा सम्बन्धित व्यक्तिले स्थानीय निकाय (गाउँ पालिका वा नगर पालिका) वा राष्ट्रिय दलित आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग वा सम्बन्धित जिल्ला अदालतमा उजुरी दिनुपर्दछ। छुवाछुत भएको थाहा पाएमा प्रहरी आफैले पनि छुवाछुत गर्नेलाई पक्राउ गरी कारवाही चलाउन सक्छ।





## प्रहरीमा उजुरी दिंदा के के मा ध्यान दिनुपर्छ ?



- दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर र ठेगाना।
- अपराधबारे दरखास्त साथै सूचनाको पूर्ण जानकारी।
- अपराध गर्ने व्यक्तिको नाम, थर, ठेगाना र हुलिया।
- अपराध भएको वा भइरहेको वा हुने सम्बन्धित ठाउँ, मिति र समय (कहाँ र कहिले ?)
- भएको घटनाको पूर्ण विवरण के के हो ?
- अपराधसँग सम्बन्धित सवुत प्रमाण भए संकलन तथा समावेश गर्नुपर्छ।




- पीडितको नाम, बाबुको नाम, आमाको नाम, ठेगाना (स्थायी, अस्थायी), लिङ्ग, बैवाहिक स्थिति, राष्ट्रियता, उमेर, पेशा, जाति, बोलिचाली भाषा, धर्म, शिक्षा, अपाङ्गता भए नभएको व्यहोरा, संघ/संस्था/ संगठनको सदस्य भए नभएको) ।
- उजुरी कर्ता पीडित होइन भने नाम, संघ/संस्था/ संगठन उल्लेख गरी ठेगाना, टेलिफोन नम्बर, पीडितसँग नाता भए नाता, बोलिचाली भाषा ।
- आरोपित पीडक चिन्नु हुन्छ भने उसको नाम, संघ/संस्था/ संगठन, कार्यालय पद, दर्ता, सम्पर्क ठेगाना, टेलिफोन नम्बर ।  यदि पीडकलाई चिन्नु हुन्न भने पीडकको पहिचानका विवरण ।
- घटनाको मिति र समय, घटना भएको स्थान, घटनाको प्रकार पनि फाराममा भर्नु पर्दछ ।
- उक्त घटनाबाट विस्थापित भएको, नभएको यहाँ उजुरी गर्नु अगाडी कुनै निकाय, संघ/संस्था/ संगठन, प्रहरी, अदालत वा गैर सरकारी संस्थामा उजुरी गरेको वा नगरेको ।




**प्रहरीमा उजुरी दिएपछि :**

- प्रहरी कार्यालयले दरखास्त दर्ता गरी डायरी नं. १० मा अभिलेख गर्दछ। त्यसपछि प्रहरीले सरकारी वकिल समक्ष प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्दछ। अनुसन्धान प्रारम्भ गर्दछ। प्रहरीले मुद्दाको अनुसन्धान गर्दा दलित समुदाय लगायत जातीय भेदभाव वा छुवाछुतबाट पीडित व्यक्तिको हक अधिकार वा उत्थान सम्बन्धी कार्यमा संलग्न रहेका स्थानीय अगुवा, नागरिक समाज वा संघ संस्थाका प्रतिनिधिको सहयोग लिन सक्छ।
- त्यसपछि, प्रहरी कार्यालयले सरकारी वकिललाई अनुसन्धान प्रतिवेदन दिन्छ।
- सरकारी वकिलले अनुसन्धान प्रतिवेदनको पूनरावलोकन गर्दछ।
- सरकारी वकिलले अपराधीलाई अभियोग लगाउने निर्णय गर्दछ र जिल्ला अदालतमा अभियोग पत्र दर्ता गर्दछ।



**याद राख्नुपर्ने जानकारी :**

- कसुर गरेको मितिले पीडितले पिडक विरुद्ध तीन महिना भित्र उजुरी गरी सक्नुपर्छ। पीडितले क्षतिपूर्ती पाउँछ। उक्त क्षतिपूर्ती कसुरदारबाट असूल गरी अदालतले भराई दिन्छ।
- कसुरदारलाई हुने सजाय तथा जरीवाना
- हालको कानून अनुसार कसुर गरेको ठहरे भएमा पीडितलाई रु २५,००० (पच्चीस हजार) देखि रु १००,००० (एक लाख) रूपैँयासम्म क्षतिपूर्ती भराइ दिने व्यवस्था छ।
- कसुरको प्रकृति हेरी कम्तीमा १ (एक) महिना कैद वा रु ५,००० (पाँच हजार रूपैया) सम्म जरिवाना वा दुवै सजाय हुन्छ। बढीमा ३ (तीन) वर्ष सम्म कैद र रु.२५,०००(पच्चीस हजार) सम्म जरिवाना वा दुवै हुन्छ।



कानूनी शासन तथा मानवअधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम/युएनडीपी

(Strengthening the Rule of Law and Human Rights Protection System in Nepal Programme (RoLHR)/UNDP